जीतपुरसिमरा उपमहानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

(शिक्षा, युवा तथा खेलकुद विकास महाशाखा )

पत्र संख्या : ०७८/७९ जीतपुर, बारा

च.नं. : १६३६ प्रदेश नं. २, नेपाल

मिति : २०७८।०८।०१

श्री सामुदायिक विद्यालयहरु ( सबै ),
जीतपुरसिमरा उपमहानगरपालिका, जीतपुर, बारा ।

**विषय : दोस्रो त्रैमासिक माग फाराम पेश गर्ने सम्बन्धमा ।**

उपरोक्त सम्वन्धमा यस उपमहानगरपालिका अर्न्तगत संचालित सामुदायिक विद्यालयहरुका शिक्षक, वालविकास सहजकर्ता तथा विद्यालय कर्मचारीहरुको आ.व. २०७८/०७९ को दोस्रो त्रैमासिक ( २०७८ साल मंसीर र पुष, महिनाको तलव भत्ता निकासा गर्नु पर्ने भएकोले तपसिल बमोजिमका कागजातहरु सहितको माग फाराम मिति २०७८।०८।०७ गते भित्र अनिवार्य रुपमा यस कार्यालयमा पेश गर्न हुन अनुरोध छ । आवश्यक कागजातहरु सहितको माग फाराम समय सिमा भित्र पेश नभएको खण्डमा तलव भत्ता निकासामा ढिलाइ भए विद्यालय स्वमं जिम्मेवार हुने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ । २०७८/०८/०१

हरीश प्रसाद भट्ट
शिक्षा अधिकृत

**तपसिल :**

१. आ.व.२०७६।०७७ को लेखापरीक्षण प्रतिवेदन - नबुझाएको विद्यालयहरुको हकमा
२.आ.व. २०७७।०७८ को प्रथम चौमासिक तलव भत्ता खुवाइएको भर्पाईको प्रमाणित प्रतिलिपी
३. आ.व. २०७७।०७८ को प्रथम चौमासिकको कर्मचारी संचय कोष, नागरीक लगानी कोष ( विमा ) र सामाजिक सुरक्षा कर दाखिला गरेको बैंक भौचरको प्रमाणित प्रतिलिपी
४. हाजिरी प्रमाणित प्रतिलिपी ( २०७८ कार्तीक १ गते देखि हालसम्मको )
५. शैक्षिक सत्र २०७८ को अद्यावधिक विद्यालय सुधार योजना ( नबुझाएको विद्यालयहरुको हकमा )
६. विद्यालयमा हाल सम्म रिक्त रहेको र २०७८ साल पुस मसान्तसम्म रिक्त हुने शिक्षक, कर्मचारी तथा वालविकास सहजकर्ताको विवरण ।

**माग फाराम भर्दा ध्यान दिनु पर्ने महत्वपूर्ण कुराहरु**

१. वालविकास सहजकर्ता र विद्यालय कर्मचारीको हकमा संघीय सरकारवाट प्राप्त सर्शत अनुदानवाट निकासा हुने पारिश्रमिकको माग फाराम र उपमहानगरपालिकाको आन्तरिक श्रोतवाट निकासा हुने पारिश्रमिकको माग फाराम छुट्टा छुट्टै पेश गर्नु पर्ने छ ।

**बोधार्थ :**

श्री सूचना तथा प्रविधि शाखा, जीतपुरसिमरा उपमहानगरपालिका - यो सूचना वेवसाइटमा अपलोड गरी दिन हुन ।

जीतपुरसिमरा उपमहानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

(शिक्षा, युवा तथा खेलकुद विकास महाशाखा )

पत्र संख्या : ०७८/७९
च.नं. : ९६३४

जीतपुर, बारा
प्रदेश नं २, नेपाल

मिति : २०७८/०८/०१

**विषय : विशेषज्ञ सुचीकृत सम्वन्धमा ।**

प्रस्तुत विषयमा यस उमपहानगरपालिकाको नगर शिक्षा समितिको मिति २०७८/०७/१४ गतेको निर्णयानुसार यस पालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा विभिन्न शैक्षिक प्रयोजनका लागि विषय विशेषज्ञहरु सुचीकृत गर्न पर्ने भएकोले तपसिल बमोजीमको योग्यता पुगेका सामुदायिक विद्यालयहरुमा कार्यरत ईच्छुक स्थायी शिक्षकहरुले मिति २०७८/०८/१२ गते भित्र यस कार्यलयको शिक्षा, युवा तथा खेलकुद महाशाखामा निवेदनका साथ तपसिलका आवश्यक कागजातहरु पेश गर्न हुन सम्वन्धीत सवैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

२०७८/०८/०१
हरीश प्रसाद भट्ट
शिक्षा अधिकृत

**तपसिल :**

**१) आधारभुत ( प्रा.वि. र नि.मा.वि. ) तह**

क) सम्वन्धित विषयमा शिक्षा शास्त्र संकायमा स्नातक तह वा सो सरह उत्तीर्ण,

ख ) स्थायी शिक्षकको रुपमा कम्तीमा ५ वर्ष अध्यापन गरेको,

**२) माध्यमिक तह**

क) ) सम्वन्धित विषयमा शिक्षा शास्त्र संकायवाट स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण ( अन्य संकायमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरेको भएमा १ वर्षे वि.एड गरको हुन पर्ने,

ख ) स्थायी शिक्षकको रुपमा कम्तीमा ५ वर्ष अध्यापन गरेको,

**आवश्यक कागजातहरु :**

१. नेपाली नागरीकताको प्रमाणीत प्रतिलिपी,

२. शैक्षिक योग्यताको प्रमाणीत प्रतिलिपी,

३. अध्यापन अनुमती पत्रको प्रमाणीत प्रतिलिपी,

४. नियुक्ती पत्रको प्रमाणीत प्रतिलिपी,

५. नयाँ पाठ्यक्रम अनुसारको १/१ प्रति ( विषयगत र वस्तुगत ) नमुना प्रश्नपत्र,

**बोधार्थ :**

श्री सूचना तथा प्रविधि शाखा, जीतपुरसिमरा उपमहानगरपालिका - यो सूचना वेवसाइटमा अपलोड गरी दिन हुन ।